# के हो घृणाजन्य अपराध ?

"......पीडितको कथित वा वास्तविक जाति, रङ्ग, धर्म, राष्ट्रिय मूल, यौन झुकाव, लिङ्ग, लैंगिक पहिचान, वा अशक्तताको आधारमा हुने अपराध।"

## १ तपाईंको सुरक्षा सुनिश्चित गर्नुहोस् र सहायता खोज्नुहोस्

**तपाईंको पहिलो र प्रमुख प्राथमिकता आफ्नो शारीरिक सुरक्षा सुनिश्चित गर्ने हुनुपछ।**

+ आवश्यक भएमा तुरुन्त स्वास्थ्य उपचार खोज्नुहोस्।

+ तपाईंले भरोसा गर्ने कोही व्यक्तिसँग आफ्नो अनुभव बताउन सक्नु हुन्छ।

+ घृणाजन्य अपराध जोसुकैलाई पनि हुन सक्छ। यसमा तपाईंको दोष हुँदैन।

## २ घटनाको पूरा विवरण राख्नुहोस्

**घटनाको प्रारम्भिक आघात बितिसकेपछि जे भयो त्यही लेख्नुहोस्।**

+ सकेसम्म धेरै विवरण समावेश गर्नुहोस्। सानो विवरण पनि नछुटाउनुहोस्।

+ सबै कागजातको प्रतिलिपि बनाउनुहोस् (जस्तैः घृणाजन्य मेल वा घृणाजन्य फोन कलको रेकर्डिङ)।

+ शारीरिक चोटपटक लागेको, कतै भित्तामा आपत्तिजनक कुरा लेखे-कोरेको, र/वा तोडफोडको प्रमाण छ भने फोटो खिच्नुहोस्।

**विस्तृत जानकारीका लागि स्रोत-साधनहरु :**

कानूनी सहायता, कानून कार्यान्वयन, मानसिक स्वास्थ्य र अन्य कामको लागि, नेशनल एसियन प्यासिफिक बार एसोसियसन (NAPABA) मा भएको घृणाजन्य अपराध सम्बन्धी स्रोत-सामग्री हेर्नुहोस् :

www.napaba.org/page/HateCrimeResources

## ३ घटनाको रिपोर्ट गर्नुहोस्

+ यदि तपाईंले यस्तो किसिमको घृणा अनुभव गर्नुभएको छ भने, तपाईंले रिपोर्ट गर्नुपर्छ। कानून कार्यान्वय गर्ने स्थानीय अधिकारीहरूसँग सम्पर्क गर्नुहोस् र विस्तृत जानकारी दिनुहोस्। कानून कार्यान्वय गर्ने स्थानीय अधिकारीहरूको नाम, सम्पर्क जानकारी, र ब्याज नम्बरहरूको जानकारी सुरक्षित राख्नुहोस्।

+ **घृणाजन्य अपराधको आशंका लागेमा एफबीआईलाई १-८००-२२५--५३२४मा रिपोर्ट गर्नुहोस्।** तपाईं आफूलाई सजिलो लाग्ने भाषामा अनुवाद सेवाका लागि भन्न सक्नुहुन्छ।

+ समुदायमा घृणाजन्य अपराध ट्र्याक गरिरहेका संस्थाहरूलाई घटनाको विवरण उपलब्ध गराउने विषयमा विचार गर्न सक्नुहुन्छ। यो तथ्याङ्क सङ्कलनको लागि मात्र हो। तपाईंले कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारीहरू र एफबीआईलाई पनि रिपोर्ट गर्नुपर्ने हुन्छ।

+ यदि तपाईं आफ्नो अध्यागमन स्थितिका बारेमा चिन्तित हुनुहुन्छ भने कानूनी सल्लाह खोज्नेबारेमा विचार गर्नुहोस्। संयुक्त राज्य अमेरिकाको अध्यागमन कानूनले आप्रवासीहरूलाई अपराधको शिकार हुनबाट जोगाउन थुप्रै सुरक्षा प्रदान गर्दछ।

## ४ सामुदायिक संस्थाहरुसँग सम्पर्क गर्नुहोस्

सहायता र समर्थनका लागि स्थानीय सामुदायिक संस्थासँग सम्पर्क गर्नुहोस्। सामुदायिक संस्थाहरू तपाईंलाई कानून कार्यान्वयन गर्ने कार्यालयसँग काम गर्न, भाषा अनुवाद गर्न, चिकित्सा हेरचाह वा मनोवैज्ञानिक परामर्श खोज्न, कानुनी परामर्शदाता पत्ता लगाउन, मिडिया परिचालन गर्न, कोष सङ्कलन गर्न, र तपाईंलाई प्रोत्साहन, सहायता दिने सपोर्ट नेटवर्क (Support Network) पत्ता लगाउनको लागि मदत दिन सक्छन्।

कोभिड-१९, एसियन एण्ड प्यासिफिक आइल्याण्डर अमेरिकन हेल्थ फोरमको वेबसाइटमा हेर्नुहोस् : www.apiahf.org/

स्थानीय सहायता तथा सहयोगका लागि सम्पर्क राख्नुहोस् :
ASIA-OH, asiaohio.org, salamon@asiaohio.org |
२१६- ८८१ -०३३० एक्सटेन्सन ३६२८

NAPABA APIAHF ASIAN & PACIFIC ISLANDER AMERICAN HEALTH FORUM

ASIA ASIAN SERVICES IN ACTION

# सहकार्य...

## कानून कार्यान्वयन पक्षसँग

### प्रारम्भिक अनुसन्धान

कानून कार्यान्वयन गर्ने कार्यालयहरूले सुरुमा अपराधिक घटना भएको ठाउँमा प्रारम्भिक अनुसन्धान गर्नेछन् ।

### अनुगमन अनुसन्धान

अनुगमन अनुसन्धान पनि हुन सक्छ । कानून कार्यान्वयन गर्ने अधिकारीहरूले अन्तरवार्ता लिन सक्छन्, घटना र घटना पछाडिको मनसाय वा उद्देश्य अभिलेखिकरण गर्न, आशङ्का भएकाहरूलाई पक्राउ गर्न र एफबीआईलाई सूचित गर्न सक्छन् ।

### घृणाजन्य अपराधका सूचकहरू

कानून कार्यान्वयन गर्ने कार्यालयहरूले निम्न पूर्वाग्रहसँग सम्बन्धित सूचकहरू विचार गर्नेछन् :
जातीय, साम्प्रदायिक, लिंगीय, र/वा सांस्कृतिक भिन्नता; टिप्पणी, लिखित बयान, वा इशाराहरू; रेखाचित्र, चिह्न, प्रतीक, वा भित्तामा लेखे-कोरेको चित्र; सङ्गठित घृणा समूह; विगतमा भएका पूर्वाग्रही अपराध वा घटना ।

### एफबीआई संलग्नता

फेडेरल व्युरो अफ इन्भेस्टिगेशन (FBI) नागरिक अधिकार कानून लागू गर्ने प्रमुख संस्था हो । एफबीआईको नागरिक अधिकार विभागको घृणाजन्य अपराध इकाईले जाति, रङ्ग, धर्म, राष्ट्रिय मूल, यौन झुकाव, लिङ्ग पहिचान, अशक्तता, वा लिङ्गलाई लिएर हुने पूर्वाग्रहसँग सम्बन्धित अपराधको अनुसन्धान गर्दछ ।

**विस्तृत जानकारीका लागि स्रोत-साधनहरु :**

कानूनी सहायता, कानून कार्यान्वयन, मानसिक स्वास्थ्य र अन्य कामको लागि, नेशनल एसियन प्यासिफिक बार एसोसियसन (NAPABA) मा भएको घृणाजन्य अपराध सम्बन्धी स्रोत-सामग्री हेर्नुहोस् :

**www.napaba.org/page/HateCrimeResources**

## सञ्चारमाध्यमसँग

### कुरा गर्ने विषय विकास गर्नुहोस्

विशिष्ट लक्षित दर्शकहरूको पहिचान गर्नुहोस् र तपाईंका लक्ष्यहरू हासिल गर्न मदत दिने सन्देशहरू बनाउनुहोस् । तपाईं मानिसहरूले के गरेको चाहनुहुन्छ, कसरी गरेको चाहनुहुन्छ र किन गराउन चाहनुहुन्छ बताउनुहोस् ।

### प्रेस विज्ञप्ती जारी गर्नुहोस्

यदि विषय समाचारमूलक छ भने एक प्रेस विज्ञप्ति जारी गर्नुहोस् । जसले को ?, के ?, कहिले ? कहाँ ?, किन ? अनि कसरी ? जस्ता प्रश्नहरूको जवाफ देओस् । प्रेस विज्ञप्ति छोटो बनाउनुहोस् र त्यसमा तपाईंको सम्पर्क जानकारी राख्नुहोस् ।

उदाहरणका लागि : **http://bit.ly/3lGglJD**

### ब्लग / सेसल मिडिया पोष्ट लेख्नुहोस्

तपाईंको मुख्य विषय छोटो बनाउनुहोस्, तपाईंको विश्वसनियता स्थापित गर्नुहोस्, र प्रमाण प्रयोग गर्नुहोस् । सकेसम्म संक्षिप्त र बुँदागत रूपमा प्रस्तुत हुनुहोस् ।
सोसल मिडियामा तपाईंको पोस्टको पहुँच बढाउन ह्याशट्याग **#StopAAPIHate** प्रयोग गर्न नबिर्सनुहोस् ।

> **नोटः** सञ्चारमाध्यमसँग कुरा गर्नुअघि, प्रचारप्रसारको विषयमा पीडितको दृष्टिकोण विचार कस्तो छ, ध्यान दिनुहोस् । तपाईं कानुनी सल्लाह लिन सक्नुहुन्छ ।

कोभिड-१९, एसियन एण्ड प्यासिफिक आइल्याण्डर अमेरिकन हेल्थ फोरमको वेबसाइटमा हेर्नुहोस् : **www.apiahf.org/**

स्थानीय सहायता तथा सहयोगका लागि सम्पर्क राख्नुहोस् :
ASIA-OH, asiaohio.org, salamon@asiaohio.org |
२१६- ८८१ -०३३० एक्सटेन्सन ३६२८

NAPABA APIAHF ASIAN & PACIFIC ISLANDER AMERICAN HEALTH FORUM ASIA ASIAN SERVICES IN ACTION

# सामुदायिक संस्थाहरूले ध्यान दिनुपर्ने कुराहरू

## घृणाजन्य अपराधका पीडितलाई सहयोगको प्रस्ताव

पीडितको विशेष आवश्यकतालाई विचार गर्दै सहयोग प्रदान गर्नुहोस् । यी आवश्यकताहरू पुलिस रिपोर्ट फाइल गर्ने, पुलिस र अभियोजकहरुसँग काम गर्ने, चिकित्सा हेरचाह वा मनोवैज्ञानिक परामर्श खोज्ने, कानुनी परामर्शदाता पत्ता लगाउने, भाषा अनुवादक खोज्ने, मिडिया सोधपुछ व्यवस्थापन गर्ने, आर्थिक सहायता प्राप्त गर्ने, अनि प्रोत्साहन, सहायता दिने सपोर्ट नेटवर्क (Support Network)) पत्ता लगाउने लगायतका कामहरू हुन सक्छन् ।

## घृणाजन्य अपराध र घृणाजन्य घटनाको रिपोर्टिङ

पीडित कानून कार्यान्वयन कार्यालय संलग्न भएको चाहन्छ कि भनेर निर्धारण गर्नुहोस् । कानून प्रवर्तनलाई रिपोर्ट गर्दा थप अनुसन्धान गर्नुपर्छ । घृणाजन्य घटनाहरू ट्र्याक गर्ने सामुदायिक सङ्गठनहरूलाई रिपोर्ट गर्दा यसले घटनाको रेकर्ड मात्र राख्छ ।

### कानून कार्यान्वयन गर्ने अधिकारीहरुलाई रिपोर्टिङ

\+ कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारीहरूलाई सम्पर्क गरेर तिनीहरूलाई विस्तृत जानकारी दिनहोस् । कानून कार्यान्वयन गर्ने अधिकारीका नाम, सम्पर्क जानकारी, र ब्याज नम्बरहरूको जानकारी सुरक्षित राख्नुहोस् ।

**+ १-८००-२२५-५३२४ मा मा एफबीआईलाई फोन गरी आशङ्कित घृणाजन्य अपराधको रिपोर्ट गर्नुहोस् ।**

अनुवाद सेवाका लागि तपाईंलाई सजिलो लाग्ने भाषा बताउनु सक्नुहुन्छ ।

### सामुदायिक संस्थाहरूलाई रिपोर्टिङ

घृणाजन्य अपराधहरूको ट्र्याकिङ गरिरहेका सामुदायिक संस्थालाई घटनाको बारेमा रिपोर्ट गर्नुहोस् । जस्तैः **Stop AAPI Hate** यो तथ्यांक संकलनका लागि मात्र हो ।

## घृणाजन्य कार्यविरूद्ध बोल्नुहोस्

घृणालाई सहिने छैन भन्ने सन्देश जनतासम्म पुऱ्याउन घृणाजन्य अपराधका सन्देशवाहकका रूपमा निन्दा गरिनुपर्छ । घृणाजन्य अपराधविरूद्ध बोल्न तपाईंले गर्न सक्ने केही कुराहरू तल दिइएका छन् :

**सञ्चारः** प्रेस विज्ञप्ति जारी गर्नुहोस्, स्थानीय मिडियालाई सम्पर्क गर्नुहोस्, प्रेस सम्मेलन आयोजना गर्नुहोस् ।

**समुदायः** स्थानीय तवरमा नेतृत्व लिइरहेकाहरूसँग काम गर्नुहोस्, सामुदायिक कार्यक्रमहरू आयोजना गर्नुहोस् ।

**सरकारः** कानून कार्यान्वयन गर्ने स्थानीय, राज्य र संघीय अधिकारीहरूसँग तपाईंको समुदायको चिन्ता सम्बोधन गर्न बैठकहरूको आयोजना गर्नुहोस् ।

## समुदायलाई सचेत बनाउनुहोस्, परिचालन गर्नुहोस्

कार्यशालाहरू आयोजना गरेर, सामुदायिक सम्बोधनहरू राखेर, टाउन हल बैठकहरू सहजिकरण गरेर, सम्मेलन वा प्यानल छलफलको आयोजना गरेर, र सामुदायिक शिक्षा सामग्री अनुवाद गरेर घृणाजन्य अपराध र हिंसाको बारेमा समुदायमा जागरूकता जगाउनुहोस् ।

## घृणाजन्य अपराधविरूद्ध कार्यदल बनाउनुहोस्

घृणाजन्य अपराधको दीर्घकालीन समाधानका लागि नियमित रूपमा सभा गर्ने अनि स्थानीय र राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्ने घृणाजन्य अपराधविरूद्ध एक कार्यदल बनाउनुहोस् वा त्यस्तो कार्यदलको सदस्य बन्नुहोस् ।

**विस्तृत जानकारीका लागि स्रोत-साधनहरु :**

कानूनी सहायता, कानून कार्यान्वयन, मानसिक स्वास्थ्य र अन्य कामको लागि, नेशनल एसियन प्यासिफिक बार एसोसियसन (NAPABA) मा भएको घृणाजन्य अपराध सम्बन्धी स्रोत-सामग्री हेर्नुहोस् :

**www.napaba.org/page/HateCrimeResources**

कोभिड-१९, एसियन एण्ड प्यासिफिक आइल्याण्डर अमेरिकन हेल्थ फोरमको वेबसाइटमा हेर्नुहोस् : **www.apiahf.org/**

स्थानीय सहायता तथा सहयोगका लागि सम्पर्क राख्नुहोस् :
ASIA-OH, asiaohio.org, salamon@asiaohio.org |
२१६- ८८१ -०३३० एक्सटेन्सन ३६२८

NAPABA

APIAHF ASIAN & PACIFIC ISLANDER AMERICAN HEALTH FORUM

ASIA ASIAN SERVICES IN ACTION

# अक्सर सोधिने प्रश्नहरू

"के हो घृणाजन्य अपराध? पीडितको कथित वा वास्तविक जाति, रङ्ग, धर्म, राष्ट्रिय मूल, यौन झुकाव, लिङ्ग, लैंगिक पहिचान, वा अशक्तताको आधारमा हुने अपराध।"

## ? "घृणाजन्य अपराध" र "घृणाजन्य घटना" मा के फरक छ ?

**घृणाजन्य अपराध** मा "अपराध" समावेश हुनुपर्छ र यसमा धेरैजसो उत्पीडन र/वा हिंस्रक अपराध जस्तै: हमला, हत्या, आगजनी, तोडफोड, वा यस्तै अपराधहरू गर्ने धम्की आदि समावेश हुन्छन् । यसमा अपराध नगरिसकेको भए तापनि कसैको लागि अपराध गर्न लगाउने वा अपराधका लागि षडयन्त्र रच्ने कुरा पनि पर्छन् ।

**घृणाजन्य घटना** पूर्वाग्रहजन्य कार्य हुन्, कुनै अपराध होइनन् र यिनीहरूमा हिंसा, धम्की, वा सम्पत्ति क्षति समावेश हुँदैन । यसको सबैभन्दा सामान्य उदाहरण जातीय कुरालाई लिएर गरिने गाली हो ।

## ? मैले किन "घृणाजन्य अपराध" को रिपोर्ट गर्नुपर्छ ?

वास्तविक तवरमा घटिरहेका घृणाजन्य अपराधका घटनाहरू र यस्ता घटनाका बारेमा कानून कार्यान्वयन गर्ने अधिकारीहरूसम्म पुग्ने रिपोर्टका बीचमा ठूलो भिन्नता छ । घृणाजन्य अपराधका घटना पीडितहरूलाई सहयोग र समर्थन गर्न मात्र होइन, समुदायले यस्ता प्रकारका अपराधहरू सहँदैनन् भन्ने स्पष्ट सन्देश प्रवाह गर्नका लागि पनि रिपोर्ट गर्नु महत्वपूर्ण छ । घृणाजन्य अपराधको रिपोर्टिंगले समुदाय र कानून कार्यान्वयन गर्ने अधिकारीलाई समुदायमा समस्याको दायरा पूर्णरूपमा बुझ्न अनि पूर्वाग्रह र घृणाजन्य आक्रमणलाई रोक्न र यस विषयलाई लिएर सम्बोधन गर्न आवश्यक संसाधनको व्यवस्थापन गर्न पनि सहयोग पुऱ्याउँछ । कुनै पनि घटनाको अनुसन्धान हुन मदत पुगोस् भनेर ती घटनाहरू रिपोर्ट गर्नुपर्छ चाहे त्यो घृणाजन्य अपराध होस् अथवा घृणाजन्य घटना ।

**विस्तृत जानकारीका लागि स्रोत-साधनहरु :**

कानूनी सहायता, कानून कार्यान्वयन, मानसिक स्वास्थ्य र अन्य कामको लागि, नेशनल एसियन प्यासिफिक बार एसोसियसन (NAPABA) मा भएको घृणाजन्य अपराध सम्बन्धी स्रोत-सामग्री हेर्नुहोस् :

**www.napaba.org/page/HateCrimeResources**

## ? घृणाजन्य अपराध "सामान्य" अपराधभन्दा कसरी फरक छ ?

घृणाजन्य अपराधको असर प्रायः सामान्य अपराधले गर्ने असरभन्दा विस्तृत रूपमा पार्छ। घृणाजन्य अपराधले पीडितलाई मात्र हैन, बरु उनीहरू जस्तै अरूलाई पनि प्रभाव पार्दछ। घृणाजन्य अपराधले परिवार, समुदाय र कहिलेकाहीं सम्पूर्ण देशलाई पनि प्रभाव पार्छ ।

## ? घृणाजन्य अपराधको अभियोग कसरी "सामान्य" अपराधभन्दा फरक हुन्छ ?

घृणाजन्य अपराधसम्बन्धी कानून राज्य-राज्यमा फरक-फरक हुन्छन् । यदि अपराधीले पूर्वाग्रहका साथ अपराध गरेको पर्याप्त प्रमाण छ भने प्रायः घृणाजन्य अपराधसम्बन्धी कानूनहरूले अझै थप दण्ड दिने गर्छ । यसबाहेक घृणाजन्य अपराध कानूनले कहिलेकाहीं कानून कार्यान्वयन गर्ने राज्य र स्थानीय अधिकारीहरूलाई घृणाजन्य अपराधको मुद्दा चलाउन आर्थिक, प्राविधिक र फोरन्सिक सहायता पनि प्रदान गर्छ । कुनै राज्य वा क्षेत्रमा घृणाजन्य अपराधसम्बन्धी कानून छैन भने पनि घृणाजन्य अपराधका घटनाको रिपोर्ट गर्न सकिन्छ ।

## ? म कसरी घृणाजन्य अपराध वा घृणाजन्य अपराधका घटनाको रिपोर्ट गर्नसक्छु ?

तपाईंले कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी र एफबीआईलाई घृणाजन्य अपराध वा घृणाजन्य घटनाको विषयमा रिपोर्ट गर्नुपर्छ । तपाईं यस्ता घटनाको तथ्याङ्क सङ्कलन गरिरहेका स्थानीय सामुदायिक संस्थाहरूहरूलाई पनि रिपोर्ट गर्न सक्नुहुन्छ। जस्तैजस्तै : **AAAJ** वा **Stop AAPI Hate**

कोभिड-१९, एसियन एण्ड प्यासिफिक आइल्याण्डर अमेरिकन हेल्थ फोरमको वेबसाइटमा हेर्नुहोस् : **www.apiahf.org/**

स्थानीय सहायता तथा सहयोगका लागि सम्पर्क राख्नुहोस् :
ASIA-OH, asiaohio.org, salamon@asiaohio.org
२१६- ८८१ -०३३० एक्सटेन्सन ३६२८

NAPABA

APIAHF ASIAN & PACIFIC ISLANDER AMERICAN HEALTH FORUM

ASIA ASIAN SERVICES IN ACTION